# छात्रवृत्ति छनोट निर्देशिका-२०६४
## ( संशोधन सहित )

- मिति २०६४ मङ्सिर १९ गतेको बोर्ड बैठकबाट स्वीकृत ।
- मिति २०७० श्रावण ६ गतेको बोर्ड बैठकबाट संशोधित ।
- मिति २०७२ श्रावण १६ गतेको बोर्ड बैठकबाट संशोधित ।

१. <u>पृष्ठभूमि</u> : नेपाल सरकारबाट नेपाली चलचित्र उद्योगको विकास, विस्तार र प्रवर्द्धन गर्न चलचित्र विकास बोर्डको गठन भएकाले यस क्षेत्रको विकासमा योगदान गर्नु बोर्डको दायित्वभित्र पर्दछ। नेपाली चलचित्र उद्योग भनेको नेपालको राष्ट्रिय अर्थतन्त्रमा प्रभाव पार्ने वा नेपाली राष्ट्रिय अर्थतन्त्रबाट प्रभावित हुने नेपाली भाषालगायत नेपालभित्रका सम्पूर्ण मातृभाषामा काम गर्ने चलचित्र निर्माण कम्पनीहरूको समुच्चय हो। यस्ता चलचित्र उद्योगहरूको विकास, विस्तार र प्रवर्द्धनका लागि यस क्षेत्रमा हुने प्राज्ञिक, शैक्षिक गतिविधिहरूको भूमिका महत्त्वपूर्ण हुन्छ।

नेपाली चलचित्र उद्योग करिब आधा शताब्दी पुरानो भएर पनि मौलिक पहिचान र अपेक्षित सफलता प्राप्त गर्न यसले अझै धेरै प्रयास गर्नु आवश्यक छ। नेपाली चलचित्र निर्माणका क्रममा विषयवस्तुको अनुसन्धान, स्तरीय पटकथा लेखन, त्यसको पुनर्लेखन र परिमार्जनजस्ता कुरामा यथोचित ध्यान पुग्न सकेको छैन। त्यसो हुँदा नेपाली चलचित्रको अन्तर्राष्ट्रिय बजार निर्माण हुन त सकेको छैन नै नेपाली घरेलु बजार पनि असाध्यै कमजोर बनेको अवस्था छ। यसलाई सुधार गरी नेपाली चलचित्रको मुहार फेर्न नेपाली चलचित्रकर्मीहरूले स्तरीयता, मौलिकता, सामाजिक उपयोगिता, मनोरञ्जनात्मकता जस्ता मूलभूत कुरामा ध्यान दिई वास्तविकताको प्रतिनिधित्व गर्ने र समाजलाई सकारात्मक परिवर्तनको दिशामा अभिप्रेरित गर्न सक्ने चलचित्रको निर्माण गर्नु जरुरी छ। निर्देशकको माध्यम हुँदा हुँदै पनि निर्माणको विशिष्टताका कारण चलचित्र सामूहिक सिर्जना नै हो।

यसको निर्माणमा विभिन्न विधामा विशेषज्ञता हासिल गरेका सर्जक र शिल्पीहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। सूचना र भावनाको योगबाट मानवीय संवेदनालाई अभिव्यक्ति गर्ने कथाकार, कथालाई निश्चित संरचना प्रदान गर्दै दृश्यभाषाका लागि उपयुक्त बनाउने पटकथा लेखक, कथाका चरित्रहरूलाई अभिनयका माध्यमबाट जीवन्त बनाई प्रभावकारी रूपमा दर्शकसम्म पुऱ्याउने कलाकार, गतिशील विम्बहरूलाई कलात्मक रूपमा छायाङ्कन गर्ने सिनेमाटोग्राफर, खिचिएका विम्बहरूको सार्थक र सुरुचिपूर्ण विन्यासद्वारा दृश्यकथालाई गहन र सम्प्रेष्य दुबै तुल्याउने सम्पादक, परिवेशलाई थप मूर्त र प्रभावलाई अझै तीव्र बनाउन ध्वनिहरूको सिर्जनात्मक प्रयोग गर्ने ध्वनि नियन्त्रक वा सङ्गीतकार र यी सबैको सिर्जनात्मक क्षमतालाई आफ्नो अभिव्यक्तिका लागि उपयोग गर्न सक्षम चलचित्र निर्देशक आदिको सामूहिक प्रयासबाट सुन्दर चलचित्र निर्माण हुन्छ। त्यसैले स्तरीय चलचित्र निर्माणका लागि यी सबै सर्जकहरू प्राविधिक रूपमा दक्ष र सिर्जनात्मक रूपमा स्तरीय हुनु आवश्यक छ।

नेपाली चलचित्र क्षेत्रमा प्राविधिक वा सर्जकका रूपमा काम गर्ने अधिकांश चलचित्रकर्मीहरू आफ्नो कार्यक्षमता बढाउन आवश्यक पर्ने विधागत ज्ञान र सिपहरू अपेक्षित रूपमा प्राप्त गर्न र त्यसलाई समयानुकूल अद्यावधिक गर्न सकिरहेका छैनन्। उनीहरू आफ्नो प्रतिभा, अभ्यास र अनुभवको भरमा काम गरिरहेका छन्। समयसापेक्ष अध्ययन, प्रशिक्षण वा तालिम पाएका खण्डमा उनीहरूको प्रतिभा र कार्यदक्षतामा निखार आउने र नेपाली चलचित्रको स्तरोन्नति हुने कुरामा कुनै शङ्का छैन। त्यसका लागि चलचित्र विकास बोर्डले आफ्नो वार्षिक विकास कार्यक्रमअन्तर्गत नेपाली चलचित्र उद्योगको विकास, विस्तार र प्रवर्द्धनका लागि चलचित्र क्षेत्रसँग सम्बन्धित दक्ष र योग्य जनशक्ति उत्पादनमा प्रोत्सहान गर्नु अपरिहार्य भइसकेको छ।

२. <u>उद्देश्य</u> : नेपालको साँस्कृतिक जीवनको कलात्मक चित्रण अबका नेपाली चलचित्रहरूको मूल ध्येय हुनुपर्दछ। नेपालीलगायत नेपालका अन्य मातृभाषामा बन्ने यस्ता सार्थक, सिर्जनात्मक एवं गहन चलचित्रहरूबाट नै नेपाली चलचित्रको युगसापेक्ष रूपान्तरण सम्भव छ।

देशको प्रमुख चुनौती भनेको गरिबी हो। गरिबीसँगै सामाजिक विभेद, अनेक किसिमका उत्पीडन, अज्ञानता, अन्धविश्वास, कुप्रथा आदि समस्याहरू पनि नेपालका महत्त्वपूर्ण समस्या हुन्। यी समस्याबाट नेपाली समाज आक्रान्त छ। यिनै समस्या र यसबाट मुक्त हुनका लागि नेपाली समाजले गरेको सङ्घर्षमाथि आधारित चलचित्रहरूले नेपालको साँस्कृतिक जीवनको चित्रण गर्न सक्दछन्। नेपाली समाजको मनोविज्ञान र वास्तविक मुद्दामा आधारित विभिन्न विधाका चलचित्रहरू निर्माण गरेर सिर्जनात्मक तथा व्यावसायिक स्तरलाई माथि उठाउन सकिन्छ।

गुणस्तरयुक्त र समाजोपयोगी चलचित्रहरूको निर्माणलाई प्रोत्साहित गर्नका लागि चलचित्र विकास बोर्डले चलचित्र क्षेत्रसम्बन्धी विभिन्न विषयको अध्ययन अनुसन्धानका लागि छात्रवृत्ति उपलब्ध गराउनुपर्ने देखिएको छ। यसबाट स्नातक, स्नातकोत्तर,

दर्शनाचार्य तथा विद्यावारिधि तहमा छात्रवृत्ति अनि चलचित्रसम्बन्धी अध्ययन गर्ने स्वतन्त्र अध्येताहरूलाई विद्वत्वृत्ति प्रदान गर्ने व्यवस्था हुनु आवश्यक छ। स्नातक तथा स्नातकोत्तर तहमा प्रदान गरिने छात्रवृत्तिबाट चलचित्र क्षेत्रमा दक्ष तथा योग्य जनशक्ति उत्पादनमा प्रोत्साहन हुनेछ भने स्नातकोत्तर, दर्शनाचार्य वा विद्यावारिधि तहका शोधकार्य अनि विद्वत्वृत्ति प्राप्त स्वतन्त्र व्यक्तिहरूको अध्ययनबाट सैद्धान्तिक तथा व्यावहारिक रूपमा चलचित्र क्षेत्रमा भएका कार्यहरूको समीक्षा, त्यसका सीमा र उपलब्धिहरूको उचित मूल्याङ्कन भई भविष्यका लागि मार्गनिर्देश प्राप्त हुनेछ।

३•. **कार्यक्रम :**

(क) लक्षित उद्देश्य पूरा गर्नका लागि निम्न अनुसारको कार्यक्रम तय गरिएको छ :

(१) चलचित्रसम्बन्धी अध्ययन, अनुसन्धान एवं विद्वत्वृत्तिका लागि प्रोत्साहन गर्ने,

(२) बोर्डको उद्देश्य अनुरूपको कार्यविधिको अधीनमा रही चलचित्रसम्बन्धी विषयमा स्वतन्त्र रूपले अध्ययन गर्न चाहने अध्येताहरूबाट प्रस्ताव आह्वान गर्ने,

(३) विद्यावारिधि, दर्शनाचार्य, स्नातकोत्तर र स्नातक तह अध्ययन गर्ने विद्यार्थीमध्येबाट छात्रवृत्तिका लागि अध्ययनरत शैक्षिक संस्थाको सिफारिस र परिचयपत्रको प्रतिलिपिसहित दरखास्त आह्वान गर्ने, र

(४) छात्रवृत्ति वा विद्वत्वृत्तिका लागि पर्न आएका दरखास्त वा प्रस्तावहरूमध्येबाट उपयुक्त विद्यार्थी तथा अध्येताहरू छनोट गर्नका लागि छात्रवृत्ति छनोट समिति गठन गर्ने।

(ख) छात्रवृत्ति छनोट समितिबाट सिफारिस भएका विद्यार्थीहरूमध्येबाट चलचित्र विकास बोर्डले,

(१) चलचित्रसम्बन्धी विषयमा विद्यावारिधि गर्दै गरेका दुई जनालाई वार्षिक प्रगति विवरण हेरी चित्तबुझ्दो देखिएमा तीन वर्षका लागि वार्षिक जनही पचास हजार रुपैयाँ,

(२) दर्शनाचार्य तहमा चलचित्रसम्बन्धी शोधकार्य गर्ने दुई जना शोधार्थीलाई शैक्षिक संस्थाको सिफारिस र शोध प्रस्तावका आधारमा जनही पचास हजार रुपैयाँ,

(३) स्नातकोत्तर तहमा चलचित्रसम्बन्धी शोधकार्य गर्ने दुई जनालाई शैक्षिक संस्थाको सिफारिस र शोध प्रस्तावका आधारमा जनही बीस हजार रुपैयाँ,

(४) स्नातकोत्तर तहमा चलचित्रसम्बन्धी ऐच्छिक पत्र लिने तथा शोधपत्रसमेत लेख्ने विद्यार्थी दुई जनालाई जनही पच्चीस हजार रुपैयाँ,

(५) चलचित्रसम्बन्धी मूल विषय लिएर स्नातक तह अध्ययन गर्ने पाँच जनालाई प्रति वर्ष जनही पैंतीस हजार रुपैयाँ,

(६) चलचित्रसम्बन्धी मूल विषय लिएर स्नातक तह अध्ययन गर्ने मधेशी, दलित र जनजातिहरू मध्येबाट छनोट गरिएका तीन जनालाई प्रति वर्ष जनही पैंतीस हजार रुपैयाँ,

(७) चलचित्रसम्बन्धी मूल विषय लिएर स्नातक तह अध्ययन गर्ने दुई जना महिलालाई प्रति वर्ष जनही पैंतीस हजार रुपैयाँ,

(८) चलचित्रसम्बन्धी विषयमा स्वतन्त्र रूपले अध्ययन गर्न चाहने अध्येताहरूमध्येबाट दुई जना वा दुई समूहलाई प्रस्तावको मूल्याङ्कन गरी किस्ताबन्दीमा दिने गरी विद्वत्वृत्ति स्वरूप अधिकतम एक लाख रुपैयाँ।

४. **छात्रवृत्ति छनोट समिति:**

(क) बोर्डले वार्षिकरूपमा प्रदान गर्ने छात्रवृत्तिका लागि विद्यार्थी तथा स्वतन्त्र अध्येताहरू छनोट गर्न देहायबमोजिमको एक छात्रवृत्ति छनोट समिति गठन गरिनेछ :

| | | |
|---|---|---|
| *(१)* | *चलचित्र विकास बोर्डले तोकेको बोर्डको सदस्य* | *- संयोजक* |
| *(२)* | *प्रतिनिधि, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग* | *- सदस्य* |
| *(३)* | *चलचित्र क्षेत्रको विशेषज्ञ व्यक्तिहरू मध्येबाट बोर्डले तोकेको* | *- सदस्य* |
| *(४)* | *चलचित्र विषयलाई मूल विषय बनाई मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा पनि स्नातक तह उत्तीर्ण गरेका व्यक्तिमध्येबाट* | *- सदस्य* |
| *(५)* | *चलचित्र विकास बोर्डको अधिकृत तहको कर्मचारी* | *- सचिव* |

(ख) छात्रवृत्ति छनोट समितिले आवश्यक ठानेमा सहयोग लिन बोर्डका सदस्य, कर्मचारी तथा अन्य विशेषज्ञ व्यक्तिलाई छनोट समितिको छलफल तथा बैठकमा आमन्त्रित सदस्यका रूपमा आमन्त्रण गर्न सक्नेछ।

(ग) छात्रवृत्ति छनोट समितिका संयोजक, सदस्य, आमन्त्रित सदस्य र सचिवलाई बोर्डको नियमानुसार बैठक भत्ता उपलब्ध गराइने छ ।

तर, छात्रवृत्ति छनोट समितिको बैठक राख्नुभन्दा अगाडि चलचित्र विकास बोर्डका अध्यक्षसँग सल्लाह लिनु अनिवार्य हुनेछ।

• मिति २०७२।४।१६ शनिबार गतेको बोर्ड बैठकबाट संशोधित।

५. **छात्रवृत्ति छनोटका आधारहरू :**

(क) **अध्ययनरत तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका आधारमा** – १५ अङ्क

*(१) प्रथम श्रेणी - १५ अङ्क*
*(२) द्वितीय श्रेणी - १० अङ्क*
*(३) तृतीय श्रेणी - ५ अङ्क*

(ख) **स्थानीय निकाय (गा.वि.स. ⁄ नगरपालिका) को आर्थिक विपन्नताको सिफारिस** – १० अङ्क

(ग) **महिला, दलित, आदिवासी, जनजाति, मधेशी, अपाङ्ग, सीमान्तीकृत जाति, पिछडिएको वर्ग र सहिद परिवार भएको जिल्ला प्रशासन कार्यालयको सिफारिस** – १५ अङ्क

(घ) **स्थायीरूपमा भौगोलिक बसोबासको आधारमा,** – १५ अङ्क

*(१) कर्णाली अञ्चलका जिल्लाहरू एवं सेती र महाकाली अञ्चलका हिमाली जिल्लाहरू भए - १५ अङ्क*
*(२) अन्य दुर्गम पहाडी जिल्ला र हिमाली जिल्ला भए - ११ अङ्क*
*(३) बुँदा नं. १ र २ मा तोकिए बाहेक बाँकी अन्य - ७ अङ्क*
*(ङ) आर्थिक विपन्नता, जेहेनदार तथा अनुसाशनको कारणबाट यसअघिको अध्ययनको क्रममा छात्रवृत्ति प्राप्त गरेको भए - १० अङ्क*

(च) **छनोट समितिबाट लिइने अन्तर्वार्ता :** – २५ अङ्क

*(१) दरखास्त फारममा उल्लेख गरिएको धारणा र त्यसको पुष्टि - १० अङ्क*
*(२) विधागत ज्ञान - १० अङ्क*
*(३) जेहेन्दार, अनुशासन, चलचित्रसम्बन्धी दृष्टिकोण - ५ अङ्क*

(छ) **चलचित्रसँग सम्बन्धित क्षेत्रमा यस अघि काम गरिरहेको भए,** – १० अङ्क

*(१) यसअघि दुईभन्दा बढी चलचित्रमा काम गरेको भए - १० अङ्क*
*(२) यसअघि दुईवटाभन्दा कम चलचित्रमा काम गरेको भए - ५ अङ्क*

*द्रष्टव्य :*

- *स्नातक तहका विद्यार्थीहरूको छात्रवृत्तिका लागि परेका दरखास्तहरूको मूल्याङ्कन हुँदा खण्ड (ग) अन्तर्गतको महिला, मधेशी, दलित र जनजातिहरूका हकमा छुट्टै विशेष छात्रवृत्तिको व्यवस्था रहेकाले स्नातक तहको छात्रवृत्तिको मूल्याङ्कनका लागि खण्ड (ग) अन्तर्गतको महिला, मधेशी, दलित र जनजातिका हकमा रहेको अङ्क प्रदान गरिने छैन ।*
- *विद्वत्वृत्तिका हकमा अनुसूची ४ र ८ अनुसार हुनेछ ।*

६. **मूल्याङ्कन :**

(क) सामान्यतया छात्रवृत्ति तहगत रूपमा उपलब्ध गराइनेछ तर बोर्डको उद्देश्यअनुरूप छात्रवृत्तिप्राप्त विद्यार्थीको शोधकार्यको प्रगतिविवरण सन्तोषजनक नभएमा वा परीक्षामा अनुत्तीर्ण भएमा सो वर्षको छात्रवृत्ति दिइने छैन ।

(ख) बोर्डको उद्देश्यअनुरूप छात्रवृत्ति प्राप्त विद्यार्थीको शोधकार्य वा अध्ययन कार्य तथा परीक्षाफल सन्तोषजनक नभएको मूल्याङ्कन गरी सो तहको अर्को वर्षका लागि सो विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध नगराउन छात्रवृत्ति छनोट समितिबाट सिफारिस भएको अवस्थामा अघिल्लो वर्षमा छात्रवृत्तिका लागि दरखास्त पेस गरे तापनि छात्रवृत्ति प्रदान नगरिएको विद्यार्थीको शोधकार्य वा अध्ययन कार्य तथा परीक्षाफल राम्रो भएको खण्डमा प्रथम वर्षका लागि छात्रवृत्ति प्रदान नगरिए तापनि सो विद्यार्थीलाई सो तहको अर्को वर्षको छात्रवृत्ति उपलब्ध गराउन छात्रवृत्ति छनोट समितिले बोर्डमा सिफारिस गर्न सक्नेछ ।

(ग) नियमित छात्रवृत्ति वार्षिक कार्यक्रमअन्तर्गतको छात्रवृत्तिमा वर्षमा एकपल्ट र सत्रगत कार्यक्रममा प्रत्येक सत्रमा प्रदान गरिने छ ।

(घ) छनोट समितिले गरेको सिफारिस बोर्डले पास गरेपछि मात्रै कार्यान्वयनमा जाने छ ।

(ङ) विद्वत्वृत्तिका लागि अध्येताको प्रस्तावको मूल्याङ्कन गरी छात्रवृत्ति छनोट समितिले सिफारिस गर्नेछ ।

(च) स्नातक तहका विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति सम्बन्धित शिक्षण संस्था (क्याम्पस) लाई उपलब्ध गराइने छ ।

७. **अन्य :**

(क) स्नातकोत्तर तथा दर्शनाचार्य तहको शोधकार्यको छात्रवृत्तिको हकमा शोधपत्र स्वीकृत भएको प्रमाण र एक प्रति शोध प्रतिवेदन बोर्डमा बुझाएपछि मात्र छात्रवृत्ति रकम एकमुष्ठ भुक्तानी गरिने छ ।

(ख) विद्यावारिधि तहका हकमा शोधप्रस्ताव स्वीकृत भएको प्रमाण बुझाएपछि पहिलो किस्ताबापत रू. ५०,०००।-, सम्बन्धित विभागबाट शोध प्रबन्धको प्रारम्भिक मस्यौदा पूरा गरिसकेको प्रगति विवरणसहितको सिफारिसपत्रका आधारमा दोस्रो किस्ताबापत रू. ५०,०००।- र शोध प्रबन्ध स्वीकृत भएको प्रमाण र एक प्रति अन्तिम शोध प्रतिवेदन बोर्डमा बुझाएपछि मात्र बाँकी रू. ५०,०००।- भुक्तानी गरिने छ ।

(ग) विद्वत्वृत्तिका हकमा छात्रवृत्ति छनोट समितिबाट प्रस्ताव स्वीकृत भएपछि ५० प्रतिशत, पुस्तक लेखन पूरा गरी बोर्डमा बुझाएपछि २५ प्रतिशत र बोर्डले तोकेको विशेषज्ञको सुझावअनुसार परिमार्जनसहित पुनः बोर्डमा बुझाएपछि बाँकी २५ प्रतिशत रकम भुक्तानी गरिने छ ।

अनुसूची-१

**(चलचित्रसम्बन्धी स्नातक वा स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीका लागि चलचित्र विकास बोर्डको वार्षिक विकास कार्यक्रम अन्तर्गतको छात्रवृत्तिका निमित्त पेस गर्ने दरखास्त)**

**किसिम : खुला**

**विद्यार्थीको व्यक्तिगत विवरण**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | नाम र थर : | | | | | पासपोर्ट साइजको फोटो |
| २. | **स्थायी ठेगाना :** | जिल्लाः | | गा.वि.स./न.पा.: | | |
| | | वडा नं.: | | फोन नं.: | | |
| | ई-मेलः | | | मोबाइल नं.: | | |
| ३. | **अस्थायी ठेगाना :** | जिल्लाः | | गा.वि.स./न.पा.: | | |
| | | वडा नं.: | | फोन नं.: | | |
| | ई-मेलः | | | मोबाइल नं.: | | |
| ४. | जन्म मिति : | वि.सं.मा : | | ई.सं. माः | | |
| ५. | माताको नाम : | | | पिताको नाम : | | |
| ६. | राष्ट्रियता : | | | | | |
| ७. | लिङ्ग : | | | विवाहित/अविवाहित : | | |
| ८. | अध्ययन गरिरहेको अध्ययन संस्थाको नाम : | | | | | |
| ९. | **अध्ययन गरिरहेको तह, वर्ष, विधा,** | तहः | | वर्षः | विधाः | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | **यस अघि प्राप्त गरेको शैक्षिक योग्यताको विवरण :** | | | | |
| | | शैक्षिक संस्थाको नाम : | उत्तीर्ण गरेको परीक्षा | प्राप्ताङ्क/प्राप्ताङ्क प्रतिशत | मुख्य विषयहरू : |
| | (१) | | | | |
| | (२) | | | | |
| | (३) | | | | |
| | (४) | | | | |
| | (५) | | | | |

| | | | | |
|---|---|---|---|---|
| ११. | **यस अघि अध्ययनको क्रममा छात्रवृत्ति प्राप्त गरेको भए सोको विवरण :** | | | |
| | | छात्रवृत्ति प्रदान गर्ने संस्थाको नाम | छात्रवृत्ति स्वरूप प्राप्त सहयोगको विवरण | छात्रवृत्ति प्राप्त अवधि |
| | (१) | | | |
| | (२) | | | |
| | (३) | | | |
| | (४) | | | |

| | | |
|---|---|---|
| १२. | **चलचित्र उद्योगको क्षेत्रहरूमा कार्य गरेको भए सोको विवरण (कलाकार, पत्रकार, लेखक, गीतकार, निर्देशक, प्राविधिक, शोधकर्ता, चलचित्रसम्बन्धी सङ्घ संस्थामा कार्य गरिरहेको आदि) :** | |
| | (१) | |
| | (२) | |
| | (३) | |
| | (४) | |
| | (५) | |

| | |
|---|---|
| १३. | **तपाईंले अध्ययन गरिरहेको तह उत्तीर्ण गर्नु भए पश्चात्को कार्य योजनाको विषयमा संक्षिप्तमा उल्लेख गर्नुहोस् :** |
| | ......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>...................................................................................................................................................................................................... |
| १४. | **चलचित्र र समाजका बीचको सम्बन्ध तथा एक–अर्काको प्रभावलाई संक्षेपमा उल्लेख गर्नुहोस् :** |
| | ......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>...................................................................................................................................................................................................... |
| १५. | **नेपाली (मातृभाषा सहित) चलचित्र उद्योगको वर्तमान स्थिति र भविष्यका चुनौतीहरूको सम्बन्धमा छोटकरीमा उल्लेख गर्नुहोस् :** |
| | ......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>......................................................................................................................................................................................................<br>...................................................................................................................................................................................................... |
| | |
| १६. | **दरखास्त साथ संलग्न गर्नपर्ने कागजात :** |
| | (क) रू. १०।- (दश) को हुलाक टिकट तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि। |
| | (ख) शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरू। |
| | (ग) छात्रवृत्तिका लागि कुनै निकाय वा संस्थाले सिफारिस गरेको भए सोसँग सम्बन्धित कागजात। |
| | **यस फारममा लेखेका सम्पूर्ण विवरण सत्य छन्, झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला।**<br><br>हस्ताक्षर : ........................................<br><br>मिति : ........................................<br><br>*द्रष्टव्य : आवश्यक परेको खण्डमा अर्को पाना थप गर्न सक्नु हुनेछ।* |

अनुसूची-२

**( चलचित्रसम्बन्धी स्नातक वा स्नातकोत्तर तहमा अध्ययनका लागि प्रोत्साहन गर्ने चलचित्र विकास बोर्डको वार्षिक विकास कार्यक्रम अन्तर्गतको छात्रवृत्तिका लागि पेस गर्ने दरखास्त)**

**किसिम : आरक्षण**

**कुनै एकमा ☑ चिह्न लगाउनुहोस् ।**

**१. महिला　　२. मधेशी　　३. दलित　　४. जनजाति　　५. अन्य**

**विद्यार्थीको व्यक्तिगत विवरण**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | नाम र थर : | | | | पासपोर्ट साइजको फोटो |
| २. | **स्थायी ठेगाना :** | जिल्लाः | | गा.वि.स./न.पा.: | |
| | | वडा नं.: | | फोन नं.: | |
| | ई-मेलः | | | मोबाइल नं.: | |
| ३. | **अस्थायी ठेगाना :** | जिल्लाः | | गा.वि.स./न.पा.: | |
| | | वडा नं.: | | फोन नं.: | |
| | ई-मेलः | | | मोबाइल नं.: | |

| | | | |
|---|---|---|---|
| ४. | जन्म मिति : | वि.सं.मा : | ई.सं. माः |
| ५. | माताको नाम : | | पिताको नाम : |
| ६. | राष्ट्रियता : | | |
| ७. | लिङ्ग : | | विवाहित/अविवाहित : |
| ८. | अध्ययन गरिरहेको अध्ययन संस्थाको नाम : | | |
| ९. | **अध्ययन गरिरहेको तह, वर्ष, विधा,** | तहः | वर्षः　विधाः |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | **यस अघि प्राप्त गरेको शैक्षिक योग्यताको विवरण :** | | | | |
| | | शैक्षिक संस्थाको नाम : | उत्तीर्ण गरेको परीक्षा | प्राप्ताङ्क/प्राप्ताङ्क प्रतिशत | मुख्य विषयहरू : |
| | (१) | | | | |
| | (२) | | | | |
| | (३) | | | | |
| | (४) | | | | |
| | (५) | | | | |

| | | | | |
|---|---|---|---|---|
| ११. | **यस अघि अध्ययनको क्रममा छात्रवृत्ति प्राप्त गरेको भए सोको विवरण :** | | | |
| | | छात्रवृत्ति प्रदान गर्ने संस्थाको नाम | छात्रवृत्ति स्वरूप प्राप्त सहयोगको विवरण | छात्रवृत्ति प्राप्त अवधि |
| | (१) | | | |
| | (२) | | | |
| | (३) | | | |

| | | |
|---|---|---|
| १२. | **हालको तह अध्ययनका लागि वा हालको विषयवस्तुमा शोधकार्यका लागि अन्य कुनै छात्रवृत्ति प्राप्त गरेको भए सोको विवरण :** | |
| | (१) | |
| | (२) | |
| | (३) | |

| | | |
|---|---|---|
| १३. | **चलचित्र उद्योगको क्षेत्रहरूमा यसअघि कार्य गरेको भए सोको विवरण (कलाकार, पत्रकार, लेखक, गीतकार, निर्देशक, प्राविधिक, शोधकर्ता, चलचित्रसम्बन्धी सङ्घ संस्थामा कार्य गरिरहेको आदि):** | |
| | (१) | |
| | (२) | |
| | (३) | |

| | |
|---|---|
| **१४.** | **तपाईंले अध्ययन गरिरहेको तह उत्तीर्ण गर्नु भए पश्चात्को कार्य योजनाको विषयमा संक्षिप्तमा उल्लेख गर्नुहोस् :** |
| | ............................................................<br>............................................................<br>............................................................<br>............................................................<br>............................................................ |
| | |
| **१५.** | **समाज र चलचित्रले एक-अर्कालाई कसरी प्रभावित गर्छन् भन्ने विषयमा छोटो तर्क प्रस्तुत गर्नुहोस् :** |
| | ............................................................<br>............................................................<br>............................................................<br>............................................................<br>............................................................ |
| **१६.** | **तपाईं जुन क्षेत्रबाट छात्रवृत्ति लिँदै हुनुहुन्छ, त्यस क्षेत्रमा नेपालमा चलचित्रको अवस्था के छ ? त्यसलाई कसरी स्तरवृद्धि गर्न सकिन्छ भन्ने तपाईंलाई लागेको छ ? उल्लेख गर्नुहोस् :** |
| | ............................................................<br>............................................................<br>............................................................<br>............................................................<br>............................................................ |
| | |
| **१७.** | **दरखास्त फारम साथ संलग्न गर्नपर्ने कागजात :** |
| | (क) रू. १०।- (दश) को हुलाक टिकट तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।<br>(ख) शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरू।<br>(ग) छात्रवृत्तिका लागि कुनै निकाय वा संस्थाले सिफारिस गरेको भए सोसँग सम्बन्धित कागजात।<br>(घ) अन्य कागजात :<br>**मधेशी**का हकमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेस गर्नु पर्नेछ।<br>**दलित**को हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तका साथ पेस गर्नु पर्नेछ।<br>**जनजाति**को हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तका साथ पेस गर्नु पर्नेछ। |

**यस फारममा लेखेका सम्पूर्ण विवरण सत्य छन्, झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला।**

हस्ताक्षर : ........................................

मिति : ........................................

***द्रष्टव्य :*** *आवश्यक परेको खण्डमा अर्को पाना थप गर्न सक्नु हुनेछ।*

अनुसूची-३

**(चलचित्रसम्बन्धी अनुसन्धानका लागि प्रोत्साहन गर्ने चलचित्र विकास बोर्डको वार्षिक विकास कार्यक्रम अन्तर्गतको विद्यावारिधि तथा दर्शनाचार्य उपाधिका लागि शोध गर्ने शोधार्थीले पेस गर्ने प्रस्तावको ढाँचा )**

## शोधार्थीको व्यक्तिगत विवरण

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | नाम र थर : | | | | | पासपोर्ट साइजको फोटो |
| २. | **स्थायी ठेगाना :** | जिल्लाः | | गा.वि.स./न.पा.: | | |
| | | वडा नं.: | | फोन नं.: | | |
| | ई-मेलः | | | मोबाइल नं.: | | |
| ३. | **अस्थायी ठेगाना :** | जिल्लाः | | गा.वि.स./न.पा.: | | |
| | | वडा नं.: | | फोन नं.: | | |
| | ई-मेलः | | | मोबाइल नं.: | | |

| | | | |
|---|---|---|---|
| ४. | जन्म मिति : | वि.सं.मा : | ई.सं. माः |
| ५. | माताको नाम : | | पिताको नाम : |
| ६. | राष्ट्रियता : | | |
| ७. | लिङ्ग : | | विवाहित/अविवाहित : |
| ८. | शोध गरिरहेको अध्ययन संस्थाको नाम : | | |
| ९. | **शोध** गरिरहेको तह र वर्ष, | तहः | वर्षः |
| १० | शोध शीर्षक : | | |

११. **यस अघि प्राप्त गरेको शैक्षिक योग्यताको विवरण :**

| | शैक्षिक संस्थाको नाम : | उत्तीर्ण गरेको परीक्षा | प्राप्ताङ्क/प्राप्ताङ्क प्रतिशत | मुख्य विषयहरू : |
|---|---|---|---|---|
| (१) | | | | |
| (२) | | | | |
| (३) | | | | |
| (४) | | | | |
| (५) | | | | |

१२. **यस अघि अध्ययनको क्रममा छात्रवृत्ति प्राप्त गरेको भए सोको विवरण :**

| | छात्रवृत्ति प्रदान गर्ने संस्थाको नाम | छात्रवृत्ति स्वरूप प्राप्त सहयोगको विवरण | छात्रवृत्ति प्राप्त अवधि |
|---|---|---|---|
| (१) | | | |
| (२) | | | |
| (३) | | | |
| (४) | | | |

१३. **हालको विषयवस्तुमा शोधकार्यका लागि अन्य कुनै छात्रवृत्ति प्राप्त गरेको भए सोको विवरण :**

| | |
|---|---|
| (१) | |
| (२) | |
| (३) | |
| (४) | |

१४. **चलचित्र उद्योगको क्षेत्रहरूमा यसअघि कार्य गरेको भए सोको विवरण (कलाकार, पत्रकार, लेखक, गीतकार, निर्देशक, प्राविधिक, शोधकर्ता, चलचित्रसम्बन्धी सङ्घ संस्थामा कार्य गरिरहेको आदि):**

| | |
|---|---|
| (१) | |
| (२) | |
| (३) | |

| | |
|---|---|
| १५. | **प्रस्तुत शोधकार्य सम्पन्न भएपछि तपाईंले अघि बढाउने अर्को परियोजनाका विषयमा संक्षिप्तमा उल्लेख गर्नुहोस् :** |
| | ……………………………………………………………………<br>……………………………………………………………………<br>……………………………………………………………………<br>……………………………………………………………………<br>……………………………………………………………………<br>……………………………………………………………………<br>……………………………………………………………………<br>……………………………………………………………………<br>…………………………………………………………………… |
| | |
| १६. | **नेपालमा चलचित्रका मूलभूत समस्याहरु के–के हुन् ? तिनको निराकरणका उपायका बारेमा संक्षेपमा उल्लेख गर्नुहोस् ।** |
| | ……………………………………………………………………<br>……………………………………………………………………<br>……………………………………………………………………<br>……………………………………………………………………<br>……………………………………………………………………<br>……………………………………………………………………<br>……………………………………………………………………<br>……………………………………………………………………<br>…………………………………………………………………… |
| | |
| १७. | **दरखास्त साथ संलग्न गर्नपर्ने कागजात :** |
| | (क) रू. १०।- (दश) को हुलाक टिकट तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।<br>(ख) शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि ।<br>(ग) सम्बन्धित संस्थाको सिफारिस ।<br>(घ) एक प्रति शोध प्रस्ताव । |
| | **यस फारममा लेखेका सम्पूर्ण विवरण सत्य छन्, झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।**<br><br>हस्ताक्षर : ……………………………<br><br>मिति : ……………………………<br>*द्रष्टव्य : आवश्यक परेको खण्डमा अर्को पाना थप गर्न सक्नु हुनेछ ।* |

अनुसूची–४

**( चलचित्रसम्बन्धी अनुसन्धानका लागि प्रोत्साहन गर्ने चलचित्र विकास बोर्डको वार्षिक विकास कार्यक्रमअन्तर्गतको विद्वत्वृत्तिका लागि स्वतन्त्र अध्येताले पेस गर्ने प्रस्तावको ढाँचा )**

## अध्येताको व्यक्तिगत विवरण :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | नाम र थर : | | | | | पासपोर्ट साइजको फोटो |
| | | | | | | |
| २. | **स्थायी ठेगाना :** | जिल्लाः | | गा.वि.स./न.पा.: | | |
| | | वडा नं.: | | फोन नं.: | | |
| | ई-मेलः | | | मोबाइल नं.: | | |
| | | | | | | |
| ३. | **अस्थायी ठेगाना :** | जिल्लाः | | गा.वि.स./न.पा.: | | |
| | | वडा नं.: | | फोन नं.: | | |
| | ई-मेलः | | | मोबाइल नं.: | | |
| | | | | | | |
| ४. | जन्म मिति : | वि.सं.मा : | | | ई.सं. मा : | |
| | | | | | | |
| ५. | माताको नाम : | | | | पिताको नाम : | |
| | | | | | | |
| ६. | राष्ट्रियता : | | | | | |
| | | | | | | |
| ७. | लिङ्ग : | | | | विवाहित/अविवाहित : | |

१. विषय परिचय :

२. अध्ययनको महत्त्व :

३. अध्ययनको उद्देश्य :

४. पूर्वकार्यको पर्यवेक्षण :

५. अध्ययन विधि :
   - ५.१. सामग्री सङ्कलन विधि :
   - ५.२. विश्लेषण विधि (सामग्री प्रशोधनदेखि संश्लेषणसम्म) :

६. पुस्तक/अध्ययनको रूपरेखा (ढाँचा) :

७. कार्ययोजना :

**द्रष्टव्य :** *विद्वत्वृत्ति लिएर तयार पारिएको सामग्री प्रकाशन गर्न बोर्ड स्वतन्त्र हुनेछ। सामग्री अन्यत्रबाट प्रकाशन गर्नुपर्ने भएमा बोर्डबाट अनिवार्य रूपमा स्वीकृति लिनुपर्नेछ।*

अनुसूची-५

## विद्यार्थी मूल्याङ्कन फारम

**<u>खुला तर्फ</u>**

तह : **स्नातक तह**

| क्र. सं. | विद्यार्थीको नाम | शैक्षिक योग्यताको श्रेणी (१५) | | | आर्थिक विपन्नताको सिफारिस (१०) | भौगोलिक बसोबास (१५) | | | सहिद परिवार (१५) | यसअघि छात्रवृत्ति पाएको भए (१०) | चलचित्र क्षेत्रमा काम गरेको भए (१०) | अन्तर्वार्ता (२५) | | | | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | *प्रथम* | *द्वितीय* | *तृतीय* | | *अति दुर्गम* | *मध्य दुर्गम* | *अन्य* | | | | फारममा व्यक्त विचार वा धारणा र पुष्टि | विधागत ज्ञान | अन्य | जम्मा | |
| | | १५ | १० | ५ | १० | १५ | ११ | ७ | १५ | १० | १० | १० | १० | ५ | | |
| 1. | | | | | | | | | | | | | | | | |
| 2. | | | | | | | | | | | | | | | | |
| 3. | | | | | | | | | | | | | | | | |
| 4. | | | | | | | | | | | | | | | | |
| 5. | | | | | | | | | | | | | | | | |
| 6. | | | | | | | | | | | | | | | | |
| 7. | | | | | | | | | | | | | | | | |
| 8. | | | | | | | | | | | | | | | | |
| 9. | | | | | | | | | | | | | | | | |
| 10. | | | | | | | | | | | | | | | | |
| | **जम्मा** | | | | | | | | | | | | | | | |

अनुसूची-६

# विद्यार्थी मूल्याङ्कन फारम

## आरक्षण (महिला, मधेशी, दलित, जनजाति र अन्य) तर्फ

तह : **स्नातक तह**

| क्र. सं. | विद्यार्थीको नाम | शैक्षिक योग्यताको श्रेणी (१५) | | | आर्थिक विपन्नताको सिफारिस (१०) | भौगोलिक बसोबास (१५) | | | सहिद परिवार (१५) | यसअघि छात्रवृत्ति पाएको भए (१०) | चलचित्र क्षेत्रमा काम गरेको भए (१०) | अन्तर्वार्ता (२५) | | | | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | *प्रथम* | *द्वितीय* | *तृतीय* | | *अति दुर्गम* | *मध्य दुर्गम* | *अन्य* | | | | फारममा व्यक्त विचार वा धारणा र पुष्टि | विधागत ज्ञान | अन्य | जम्मा | |
| | | १५ | १० | ५ | १० | १५ | ११ | ७ | १५ | १० | १० | १० | १० | ५ | | |
| 1. | | | | | | | | | | | | | | | | |
| 2. | | | | | | | | | | | | | | | | |
| 3. | | | | | | | | | | | | | | | | |
| 4. | | | | | | | | | | | | | | | | |
| 5. | | | | | | | | | | | | | | | | |
| 6. | | | | | | | | | | | | | | | | |
| 7. | | | | | | | | | | | | | | | | |
| 8. | | | | | | | | | | | | | | | | |
| 9. | | | | | | | | | | | | | | | | |
| 10. | | | | | | | | | | | | | | | | |
| | **जम्मा** | | | | | | | | | | | | | | | |

अनुसूची-७

## विद्यार्थी मूल्याङ्कन फारम

तह : **स्नातकोत्तर तह**

| क्र. सं. | विद्यार्थीको नाम | शैक्षिक योग्यताको श्रेणी (१५) | | | आर्थिक विपन्नताको सिफारिस (१०) | भौगोलिक बसोबास (१५) | | | महिला, दलित, आदिवासी, जनजाति, मधेशी, अपाङ्ग, सीमान्तीकृत जाति, पिछडिएको वर्ग र सहिद परिवार (१५) | यसअघि छात्रवृत्ति पाएको भए (१०) | चलचित्र क्षेत्रमा काम गरेको भए (१०) | अन्तर्वार्ता (२५) | | | | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | *प्रथम* | *द्वितीय* | *तृतीय* | | *अति दुर्गम* | *मध्य दुर्गम* | *अन्य* | | | | *फारममा व्यक्त विचार वा धारणा र पुष्टि* | *विधागत ज्ञान* | *अन्य* | **जम्मा** | |
| | | १५ | १० | ५ | १० | १५ | ११ | ७ | १५ | १० | १० | १० | १० | ५ | | |
| 1. | | | | | | | | | | | | | | | | |
| 2. | | | | | | | | | | | | | | | | |
| 3. | | | | | | | | | | | | | | | | |
| 4. | | | | | | | | | | | | | | | | |
| 5. | | | | | | | | | | | | | | | | |
| 6. | | | | | | | | | | | | | | | | |
| 7. | | | | | | | | | | | | | | | | |
| 8. | | | | | | | | | | | | | | | | |
| 9. | | | | | | | | | | | | | | | | |
| 10. | | | | | | | | | | | | | | | | |
| | **जम्मा** | | | | | | | | | | | | | | | |

अनुसूची- ८

**मूल्याङ्कन फारम**

(विद्वत्‌वृत्तिका लागि)

---

**अध्येताको नाम :** ............................................................................................................................

**अध्ययनको शीर्षक :** ............................................................................................................................

---

१. **प्रस्तावको मूल्याङ्कन : (५० अंक)**
- १.१. प्राविधिक पक्ष - २० अंक
- १.२. विषयको महत्त्व/उपयोगिता - ३० अंक

२. **अन्तवार्ता : (३० अंक)**
- २.१. विषयको ज्ञान - २० अंक
- २.२. आत्मविश्वास - १० अंक

३. **क्षेत्र अनुभव : (२० अंक)**
- ३.१. चलचित्रसम्बन्धी प्राज्ञिक क्षेत्रमा लागेको कम्तीमा १० वर्षदेखि माथि भए - २० अंक
- ३.२. चलचित्रसम्बन्धी प्राज्ञिक क्षेत्रमा लागेको कम्तीमा ५ वर्षदेखि माथि भए - १५ अंक
- ३.३ चलचित्रसम्बन्धी कुनै पनि क्षेत्रमा लागेको कम्तीमा १० वर्षदेखि माथि भए - १० अंक
- ३.४ चलचित्रसम्बन्धी कुनै पनि क्षेत्रमा लागेको कम्तीमा ५ वर्षदेखि माथि भए - ५ अंक

**४. अन्य : (१०० अंक)**

| | | प्रत्येकको | अधिकतम |
|---|---|---|---|
| ४.१ | चलचित्रसम्बन्धी एउटै विषयमाथि अनुसन्धानात्मक पुस्तक भए प्रत्येकको | १० | ३० |
| ४.२. | चलचित्र क्षेत्रको तर विभिन्न विषयमाथि लेखिएका अनुसन्धानात्मक लेखहरुको सङ्कलन भए प्रत्येक पुस्तकको | ८ | २० |
| ४.३. | अनुसन्धानात्मक नभए पनि चलचित्रसम्बन्धी प्रत्येक पुस्तकको | ५ | १५ |
| ४.४. | चलचित्रबाहेकका अन्य विषयमा लेखिएका प्रत्येक अनुसन्धानात्मक पुस्तकको | ५ | २० |
| ४.५. | चलचित्रसम्बन्धी प्रकाशित अनुसन्धानात्मक लेख प्रत्येकको | १ | १५ |
| ४.६ | चलचित्रसम्बन्धी पत्रपत्रिकामा प्रकाशित साधारण लेख, रचना | १ | १० |

***नोट :*** *अध्येताले प्राप्त गर्ने अधिकतम अङ्क १०० मात्र हुनेछ ।*